सञ्जाल निर्माणमा समेत सहजिकरण गर्दै आएको छ ओरेकले वैदेशिक रोजगारबाट फर्किएका महिलाहरुलाई संगठित हुन, आफ्ना अनुभव साटासाट गर्न, जीविकोपार्जनका अवसरहरूमा पहुँच वृद्धि गर्न र आफ्ना सवालमा पैरवी गर्न सहजिकरण गर्दै आएको छ ।

ओरेक नेपालमा महिला र बालबालिकाहरूको बेचबिखनविरुद्धको सञ्जाल (AATWIN), सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (NNSM), र अन्तराष्ट्रिय स्तरमा महिलाहरूको बेचबिखन विरुद्धको विश्वव्यापी सञ्जाल (GAATW) लगायतमा समेत आवद्ध छ ।

संस्थाले आप्रवासी महिला र आप्रवासनबाट फर्किएर आएका महिलाहरुको अधिकारका लागि **'मञ्जरी'** को कल्पना गरेको हो । यो संस्थाको महिलावादी विरासतको निरन्तरता हो, जहाँ समस्याको जरो कारण पत्ता लगाई तथ्यमा आधारित पैरवीका लागि सञ्जालमा जोडिएको, र महिलाको वैदेशिक रोजगारको सवाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निर्देशित गर्ने नीति र आख्यानलाई परिवर्तन गर्ने प्रतिवद्धता सहित अन्तरसंवादी आन्दोलन निर्माण गर्ने सोच लिएको छ ।

नेपाली महिलाहरूको आप्रवासनमा समर्पित एउटा सञ्जालको स्थापना गर्नु महत्वपूर्ण उपलब्धि हो, विशेषगरी आप्रवासनको क्षेत्रमा महिलाको सहभागिता बढ्दो अवस्थामा रहेको हालको सन्दर्भमा, र यो जात, वर्ग, जलवायु जोखिम, र महिलाको गतिशिलता माथि पितृसत्तात्मक नियन्त्रणसँग जोडिएको हुँदा यसको महत्व अझ बढी छ । नेपाली महिलाहरूको आप्रवासनलाई लिएर संवेदनशील र महिलावादी आन्दोलनको नयाँ कल्पना गर्नका लागि ओरेकले ' **आप्रवासन महिला सञ्जाल**' (**मञ्जरी**) को सुरुवात गर्न पाउँदा गर्व गर्दछ । फक्रिन लागेको फूलको कली झैं 'मञ्जरी' नेपालमा नेपाली महिला आप्रवासीहरूको जीवन अनुभवमा आधारित प्रारम्भिक महिलावादी आन्दोलनको प्रतीकात्मक प्रतिनिधित्व हो ।


**मञ्जरीका लागि कँहा सम्पर्क गर्ने ?**

**इमेलः** ics@worecnepal.org

**सम्पर्क नम्वर** (९७७)०१५१८६३७४, ०१५१८६०७३

Website: www.worecnepal.org

Hotline No: 16600178910


# मञ्जरी



## " आप्रवासन महिला सञ्जाल"

**(Women In Migration Network-WIMN)**

## मञ्जरी के हो ?

मञ्जरी अर्थात आप्रवासन महिला सञ्जाल ( WIMN), आप्रवासनको राजनीतिक विश्लेषण गर्दै आप्रवासनमा जोडिएका महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक अधिकार सुनिश्चितताका लागि पैरवी र वहस निर्माण गर्ने साझा मञ्च हो । यो महिला आप्रवासी श्रमिकहरू, आप्रवासनबाट फर्किएका महिला, महिलावादी अभियन्ताहरु, अधिकारकर्मीहरु र यसका सवालमा अनुशन्धान गर्ने अनुशन्धानकर्ता, शैक्षिक क्षेत्रका व्यक्ति तथा विषयविज्ञहरूको साझा थलो हो र महिला नेतृत्वमा आधारित राष्ट्रिय नेटवर्क हो ।

## मञ्जरी नै किन ?

- महिलावादी दृष्टिकोणबाट आप्रवासी महिलाको अधिकार र नेतृत्व सुनिश्चितताका लागि राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरमा पैरवी गर्न,
- महिला आप्रवासी श्रमिकहरुमाथि हुने शोषण, लाल्छना र वहिष्करणको मुद्दालाई साझा रुपमा उठान गरी नितिगत समाधानका लागि खवरदारी गर्न,
- विश्व बजारमा महिलाहरूले आप्रवासी जनसंख्याको झण्डै आधा हिस्सा ओगटेका छन् तर उनीहरूको सामाजिक तथा आर्थिक योगदान प्रायः अदृश्य वा कम मूल्याङ्कन गरिएको अवस्थाको विभिन्न सवालको अनुसन्धान तथा विश्लेषण गर्न,
- महिला, सिमान्तकृत, यौनिक तथा लैङ्गिक अल्पसंख्यक आप्रवासी श्रमिकहरुको संख्या उल्लेख्य रूपमा रहेको अवस्थामा उनीहरूको नीति निर्माण गर्ने तहमा अर्थपूर्ण सहभागिताका लागि वातावरण तयार गर्न,
- आप्रवासन र आप्रवासनबाट फर्किएका महिलाको सुरक्षित आप्रवासन, सुरक्षा, तथा सामाजिक आर्थिक पुनर्स्थापनाका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्जालिकरणद्धारा अभियान सञ्चालन गर्न,

## मञ्जरीका सदस्य को हुन सक्छन् ?

- वैदेशिक रोजगारबाट फर्किएर आएका महिला आप्रवासीहरु,
- हाल वैदेशिक रोजगारमा रहेका महिला आप्रवासीहरु
- आप्रवासन, श्रम, लैंङ्गिक समानता र मानव अधिकारका क्षेत्रमा कार्यरत महिलावादीहरु, संघ संस्थाहरु, सञ्जालहरु
- महिला आप्रवासनका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने शैक्षिक क्षेत्र, त्यसमा सम्लग्न निकाय तथा व्यक्तिहरू
- न्यायपूर्ण आप्रवासनका पक्षमा संगठित भएर एकै ठाउँमा आवाज उठाउन चाहने राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति, सहकर्मी र समर्थकहरू

## मञ्जरीका लागि कँहा सम्पर्क गर्ने ?

- **महिला पुनर्स्थापना केन्द्र (ओरेक)**

## महिला पुनर्स्थापना केन्द्र (ओरेक) के हो ?

महिला पुनर्स्थापना केन्द्र (ओरेक) विगत ३४ वर्षदेखि मानव अधिकार स्थापनार्थ सङ्घर्षरत गैर-नाफामूलक गैरसरकारी संस्था हो । महिला तथा जातीय, वर्गीय, क्षेत्रीय, यौनिक र लैङ्गिक पहिचान आदिका आधारमा पछाडि पारिएका समुदायको अधिकारका लागि कार्यरत यस संस्था विभेदको अन्तर्निहित कारणलाई विश्लेषण गर्दै कारण र परिणाम दुवै सम्बोधनका लागि निरन्तर क्रियाशील छ ।

सन् १९९१ मा आफ्नो स्थापना कालमा ओरेकले महिलाहरू र किशारीहरूको बेचबिखन रोकथामका लागि र प्रभावितहरूको अधिकार र सम्मानको पक्षमा वकालत गर्दै आएकोमा हाल यसले महिलाको श्रम, शरीर र पहिचानको सवालका साथै मर्यादित श्रम र महिलाका गतिशिलताको अधिकार लगायतका विषयहरुमा केन्द्रित भएर आफ्नो क्षेत्र विस्तार गरेको छ । ओरेकले महिलाहरूको गतिशिलताको अधिकार र सम्मानजनक कामको अधिकारका पक्षमा पैरवी गर्दै उनीहरूको स्वतन्त्र आवागमनलाई दबाउने .राज्यको संरक्षणवादी आप्रवासन नीतिहरू र संरचनात्मक अवरोधहरूलाई चुनौती दिइरहेको छ । पछिल्ला दिनहरुमा यसले वैदेशिक रोजगारबाट फर्किएका महिला आप्रवासीहरूको (RMW)